बृन्दावन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बिश्रामपुर, रौतहट

(मधेश प्रदेश, नेपाल)

## सडक मर्मत सम्भार कामदार/समुह आवश्यकता सम्बन्धी सार्वजनिक सूचना !

सूचना प्रकाशन मितिः २०८२।१२।१६ गते

पूर्वाधार विकास कार्यालय, रौतहट, गौरले समनपुर-विश्रामपुर-चतनगर-राजपायडा MRM सडक, रौतहट (PH-MH-039) सडकको नियमित मर्मत सम्भार कार्यको लागि सडक मर्मतसम्भार समूह (RMG) गठन गर्ने उद्देश्य राखेको छ। सडक मर्मतसम्भार समूह गठन गर्न निम्न संख्यामा मर्मतसम्भार कामदारहरू आवश्यक भएको छ।

| सडकको सुरुको स्थान | सडकको अन्तिम स्थान | लम्बाई | कामदारको संख्या | कैफियत |
|---|---|---|---|---|
| समनपुर | राजपायडा | १९ कि.मि. | २ (दुई) | |

सडक मर्मत समूहका सदस्यहरूले आधारभूत सफाई र सरसफाई कार्यहरू साथै सानातिना मर्मत कार्यहरू गर्दै सडकलाई राम्रो अवस्थामा राख्न मिलेर कार्य गर्नुपर्नेछ। कार्य पूर्णकालीन (Full-time) हुनेछ र एक वर्षको अवधिको लागि हुनेछ। यदि सडक राम्रो अवस्थामा छ भने सडक मर्मतसम्भार समूह(RMG) लाई सम्पूर्ण सडकको लागि निश्चित मासिक रकम भुक्तानी गरिनेछ। यदि सडकका केही भागहरू राम्रो अवस्थामा छैनन् भने मासिक भुक्तानीमा कटौती लागू गरिनेछ।

पूर्वाधार विकास कार्यालय, रौतहट, गौर मार्फत कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस समनपुर-विश्रामपुर-चतनगर-राजपायडा MRM सडक, रौतहट (PH-MH-039) सडकको नियमित मर्मत सम्भार कार्यको लागि यस बृन्दावन नगरपालिकाबाट यस आ.व. २०८२/०८३ को लागि २ (दुई) जना सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) माग भइ आएको हुनाले तल उल्लेखित योग्यता पुगेका स्थानीय वर्ग बाट दरखास्त आव्हान गरिन्छ। इच्छुक व्यक्तिहरुले यस बृन्दावन नगरपालिका कार्यपालिकाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थिति भइ आफ्नो दरखास्त विवरण दर्ता गराउनुहुन अनुरोध गरिन्छ। समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन ।

२०८२।१२।१६

श्याम किशोर प्रसाद

प्रमुख प्रशासकीय अधिकृत

# बृन्दावन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बिश्रामपुर, रौतहट
(मधेश प्रदेश, नेपाल)

बृन्दावन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिश्रामपुर, रौतहट मधेश प्रदेश, नेपाल

---

## दरखास्त दर्ता हुनको लागि आवश्यक मापदण्डः

### १. प्राविधिक मापदण्ड

- मर्मत सम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार शारीरिक र मानसिक रूपमा स्वस्थ्य हुनुपर्नेछ र सडक मर्मत सम्भार कार्य गर्न सक्ने हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार मर्मत सम्भार हुने सडक नजिकको बासिन्दा हुनुपर्नेछ।

### २. सामाजिक मापदण्ड

- मर्मत सम्भार कामदार बेरोजगार हुनुपर्नेछ अथवा आफ्नो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार नगरपालिकाको सबैभन्दा गरिब व्यक्तिहरूबाट हुनुपर्नेछ।
- महिला उम्मेदबारलाई प्राथमिकता दिइनेछ र महिला सहभागितालाई प्रबर्धन गरिनेछ। छनौट गरिएका मर्मत सम्भार कामदारहरू कम्तिमा ५०% महिला हुनुपर्छ। हुनुपर्नेछ। सम्भव भएसम्म सबै छनोट गरिएका मर्मत सम्भार कामदारहरू महिला हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार कम्तिमा ४० प्रतिशत दलित, जनजाति, विपन्न वा पिछडिएका वर्गबाट हुनुपर्नेछ।

## दरखास्त दिने अन्तिम मिति, समय र स्थान

- आवेदनको अन्तिम मितिः- २०८२।१२।२२ ( सूचना प्रकाशन मिति बाट ७ दिनको म्याद)
- समयः- कार्यालय समय भित्र
- सम्पर्क स्थानः- बृन्दावन नगरपालिका कार्यपालिकाको कार्यालय

श्याम किशोर प्रसाद
प्रमुख प्रशासकीय अधिकृत